म्यागङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउराली, गुल्मीकोट
२०७३
प्रदेश नं. ३

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोबेल कोरोना भाइरस (कोभिड- १९) नियन्त्रण गर्न हाल देशभर लकडाउन कायम रहेको छ । लकडाउनको अवधी लम्बिदै जाँदा विपन्न परिवार, मजदुर, असहाय तथा असंगठीत क्षेत्रमा कार्यरत श्रमिक बर्गलाई राहत प्रदान गर्न तथा कोरोना भाइरसका कारण सिर्जित हुने विपद्को सामना गर्न म्यागङ गाउँपालिका कार्यालयले हिमालयन बैङ्क म्यागङ शाखामा ग ७.२ प्रकोप व्यवस्थापन कोष खाता (०५७०७६३७४२००१८) सञ्चालन गरेको छ । साथै कोरोना भाइरसबाट उत्पन्न परिस्थितिको सामना गर्न गाउँपालिका अन्तरगतका सम्पूर्ण जनप्रतिनिधिज्यूहरुबाट देहाय बमोजिमको रकम सहयोग स्वरुप प्राप्त हुन आएको छ ।

**तपशिल:**

| जनप्रतिनिधि | दर (रु.) | संख्या | रकम (रु.) |
|---|---|---|---|
| गाउँपालिका अध्यक्ष | ३५,०००/- | १ | ३५,०००/- |
| गाउँपालिका उपाध्यक्ष | ३०,०००/- | १ | ३०,०००/- |
| वडा अध्यक्ष | २०,०००/- | ६ | १,२०,०००/- |
| कार्यपालिका सदस्य | १०,०००/- | ६ | ६०,०००/- |
| वडा सदस्य | ५,०००/- | २० | १,००,०००/- |
| | जम्मा | | ३,४५,०००/- |

साथै विपद्को यस समयमा वितरणलाई एकद्धार प्रणालीबाट सञ्चालन गरी व्यवस्थित गर्नका लागि जनप्रतिनिधि, समाजसेवी, राजनितिक दल, उद्योगी व्यापारी, सामाजिक संघ संस्था, गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सहकारी संस्था लगायतका इच्छुक महानुभावहरुले यस म्यागङ गाउँपालिकाको नाममा रहेको हिमालयन बैङ्क म्यागङ शाखाको ग ७.२ प्रकोप व्यवस्थापन कोषमा स्वेच्छिक रुपमा सहयोगको लागि हार्दिक अपिल गर्दछौं ।

२०७७/०२/१९

प्रमोद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७७ जेठ १९

प्रमोद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत